# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको
# ५८ औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस कर्पोरेशनको सञ्चालक समितिको मिति २०८१ साल फाल्गुण ६ गते मंगलवार बसेको १०६८ औं बैठकको निर्णयानुसार कर्पोरेशनको ५८ औं वार्षिक साधारण सभा निम्न स्थान, समय र मितिमा निम्न बिषय उपर छलफल गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ साल चैत्र १५ गते शुक्रवार (तदनुसार २८ मार्च २०२५)
समय: दिनको ११:०० बजे ।
स्थान: त्रिभुवन आर्मी अफिसर्स् क्लब, भद्रकाली, काठमाडौं ।

**छलफलको विषय सूचि :**

**क. सामान्य प्रस्ताव**

१. ५८ औं वार्षिक साधारणसभाका लागि आर्थिक वर्ष २०८०/२०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०८०/२०८१ को लेखापरिक्षकको प्रतिवेदन सहित सोही आ.व. को वित्तिय अवस्थाको विवरण, नाफा–नोक्सानीको विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा लेखा नीति तथा टिप्पणी उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरिक्षण समितिको सिफारीश अनुसार आर्थिक वर्ष २०८१/२०८२ को वित्तिय विवरण लेखापरिक्षण गर्न लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने । (हालको लेखापरिक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउण्टेन्टस्) पुनः नियुक्तीको लागि योग्य हुनुहुन्छ) ।
४. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम चुक्ता पूँजीको १० (दश) प्रतिशतका दरले नगद लाभांश वापत रु. ३,२०,७१,६९५।५० (अक्षरेपी तीन करोड बीस लाख एकहत्तर हजार छ सय पन्चानब्बे रुपैयाँ पैसा पचास) (कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।

**ख. बिशेष प्रस्ताव**

१. कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृत उपर छलफल गरि पारित गर्ने ।
२. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा बाढी पिडितको लागि जम्मा गरेको राहत रकम अनुमोदन गर्ने ।

**ग. विविध**

**पुनश्च:**

१. ५८ औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/१२/०१ देखि २०८१/१२/१५ गतेसम्म कर्पोरेशनको शेयरधनी दर्ता किताब बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/१२/०७ गतेसम्म कारोवार भई सात कार्य दिन भित्र कर्पोरेशनको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न पाउने छन् ।
२. साधारणसभामा भाग लिन शेयर अभौतिकीकरण गराई सक्नु भएका शेयरधनी महानुभावहरुको हकमा D-MAT खाता नम्बर र नाम तथा शेयर अभौतिकिकरण नगर्नु भएका शेयरधनीहरुले शेयरधनी नं. र नाम उल्लेख गरी सभामा सहभागिता जनाउन सक्नु हुनेछ । सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभाकक्षमा हाजिरी पुस्तिका खुल्ला रहनेछ ।
३. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले कर्पोरेशनको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कर्पोरेशनको केन्द्रीय कार्यालय, काठमाण्डौमा बुझाई सक्नु पर्नेछ । प्रोक्सी फारम यस कर्पोरेशनको Website बाट Download गर्न सकिनेछ ।
४. थप जानकारीको लागि यस कर्पोरेशनको केन्द्रीय कार्यालय, कालिमाटी, काठमाण्डौमा सम्पर्क राख्न सक्नु हुनेछ ।

**द्रष्टब्य :**

सभा बस्ने सूचना तथा वार्षिक प्रतिवेदन सम्बन्धित शेयरधनी महानुभावहरुको जानकारीको लागि कर्पोरेशनको **Website: www.stcnepal.com** मा राखिएको हुँदा कथम्कदाचित उक्त सूचना नपुगेको भए यसैलाई सूचना मानी साधारण सभामा उपस्थित हुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं ।

आज्ञाले
कम्पनी सचिव

**साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड**

केन्द्रीय कार्यालय : कालिमाटी, काठमाडौं, फोन नं. ५३७१०१४, ५३७१२०८